प्रदेश सभा

गण्डकी प्रदेश

दशौं अधिवेशन

(बाइसौं बैठक)

कार्यवाहीको सम्पूर्ण विवरण

मिति : २०७९।०३।२६ गते

माननीय सदस्यहरू,

आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

आज मिति २०७९ असार २६ गते पर्न गएको इस्लाम धर्मालम्वीहरुको महान पर्व वकर इद उल अजाहको शुभ अवसरमा सो धर्मालम्वी दाजुभाइ, दिदीबहिनीहरु तथा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

माननीय सदस्यहरु,

अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई सभाको वैठकमा माननीय सदस्यहरुले उठाउनु भएका सवालहरुको सम्बन्धमा सभालाई संवोधन गर्न समय दिन्छु ।

माननीय सभामुख महोदय,

सर्वप्रथम त, आज मुस्लिमहरुको महत्वपूर्ण चाड इदको सन्दर्भमा र म सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

स्वभाविक रुपमा यो सम्मानित सभामा केही विषयवस्तुहरुमा स्पष्ट पार्नका निम्ति जसरी विषयवस्तुहरु उठे खास गरेर, प्रमुख प्रतिपक्षको तर्फबाट केही विषयवस्तुहरु यहाँ उठेका छन् । कति उठेका विषयवस्तुहरुलाई स्पष्ट पार्नका निम्ति अनुमति चाहन्छु । उठेका विषयवस्तु एक प्राकृतिक स्रोत तथा वृत्त आयोग को जो पत्र थियो, त्यो विषयवस्तुमा केही कुराहरु उठेको छ । त्यसै गरेर मध्यकालिन खर्च संरचना जसलाई त्रिवर्षिय प्रक्षेपण पनि भनिन्छ । त्यो पुस्तकको बारेमा पनि विषयवस्तु उठेको थियो । त्यसैगरी अनुसूचीको जो सेतो पुस्ताक छ, त्यसको बारेमा पनि केही विषयवस्तुहरु पनि उठेको छ । खासगरी पूर्वाधार विकास कार्यक्रमको सन्दर्भमा के हुन्छ भन्ने बारेमा उठेको छ, यी ४ वटा विषयहरुमा केही प्रश्नहरु, केही जिज्ञसाहरु उठेको छ । म जिज्ञासा राख्नुहुने, प्रश्न गर्नु हुने माननीज्यूहरुप्रति म धन्यवाद भन्न गर्दछु । सर्वप्रथम त, यो प्राकृतिक स्रोत तथा वित्त आयोगको विषयमा जो प्रश्न छ म केही प्रष्ट पार्न चाहन्छु । स्वभाविक रुपमा प्रदेश सरकार संचालन भएको यो कार्यकालको अन्तिम वर्षमा हामी छौं । सुरक्षा निकायविहीन भएर सरकार चलाइराखेका छौं । जग्गा प्राप्ति देखि लिएर थुप्रै कठिनाईहरु हाम्रा बिचको विद्यमान छन् । हामीले उद्योग संचालन देखि लिएर विभिन्न, संघसंस्था स्थापनाका निम्ति जग्गा प्राप्त गर्न सकिराखेका पनि छैनौं । सँगसँगै ३ तहका सरकारहरुले अब कुन स्तरको योजनामा रकम परिचालन गर्ने हो भन्ने कुरा पनि अन्योलकै बिचमा छ । ठिक यही परिवेशमा वित्त अब आयोगले जुन पत्र पठायो, लाग्छ यो पत्रले अझै केन्द्रीयता हावि हुन खोजिएको त होइन रु अझै केन्द्रिकृत र एकात्मक सोच वलमान बन्दै गएको त छैन रु हामीले ठूलो त्याग र वलिदानको बिचबाट प्राप्त गरेको प्रणाली प्रति नै दिन प्रति दिन कमजोर बन्दै गएको, घेरावन्दी हुँदै गएको त होइन रु निश्चित रुपमा प्रश्नहरु जन्मेका छन् । राजनीतिक स्थिरता विना हामीले हाम्रो प्रणालीलाई मजबुत बनाउन सक्दैनौ, जुन ढंगले राजनीतिक स्थायीत्व हाम्रो बिचमा पैदा हुने सम्भावनाहरु बढेर गएका थिए, नेपाली जनताले त्यो अवसर र त्यो दायित्वको त्यो जिम्मेवारी पनि सुम्पेका थिए, तर आज त्यो जिम्मेवारी, त्यो दायित्वबाट हामी विचलित भइरहेका छौं । राजनैतिक अस्थिरताको विजारोपण भएको छ । राजनीत स्थिरताको

निम्ति फेरी हामी एकरुप हुनुको विकल्प हुनु छैन र साँच्चै राजनैतिक अस्थिरताको विजारोपण कहाँबाट भयो भन्ने पनि विदितै छ । मैले कहाँ जोड्न चाहन्छु भने, यो पत्र जसरी आयो यसको सन्दर्भमा म अलिकति विषयवस्तु राख्न चाहन्छु । अब खास गरेर प्रदेश सरकारले ऋण लिने पाउने जो आन्तरिक ऋणको सम्बन्धको जुन कुरा छ, नेपालको संविधानको धारा ५९ को उपधारा १ ले प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धित विषयमा कानुन बनाउने, वार्षिक बजेट ल्याउने, निर्णय गर्ने र नीति योजना  तयार गर्ने र कार्यान्वयन गर्ने अधिकार धारा ५९ को उपधार ७ ले घाटा बजेट बनाउन सक्ने अधिकार प्रदान गरेको कुरा हामी सबैले बुझेका छौं । त्यसैगरी धारा २०३ को उपधारा २ ले संघीय कानुन बाहेक कुनै ऋण लिन नपाउने व्यवस्था र धारा २५१ को उपधारा १ को खण्ड च ले आन्तरिक ऋणको सीमा निर्धारण गर्ने काम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था पनि गरेको छ । त्यसैगरी अन्तसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १४ को उपदफा १ मा आयोगले गरेको सिफारिसको सीमाभित्र नेपाल सरकारसँग पूर्व सहमति लिई आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरेको छ भने, दफा १५ को उपदफा १ मा नेपाल सरकारले प्रदेशलाई ऋण दिन सक्ने स्पष्ट व्याख्या गरेको छ । अन्तरसरकरी वित्त व्यवस्थापन ऐन २०७४ को यी २ व्यवस्थाले पनि आन्तरिक ऋण र नेपाल सरकारले दिने ऋण यी २ फरक फरक प्रकृतिका ऋण हुन् भन्ने विषय प्रष्ट देखिएको छ । नेपालको संविधानको धारा ५९ को उपधारा १, धारा ५९ को उपधारा ७ अन्तरगत सरकारले वित्त व्यवस्थापन ऐन २०७४ को दफा २३ को उपदफा १ र गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा १४ को प्रवधान बमोजिम गण्डकी प्रदेश सरकारले ऋण लिन सक्ने जुन व्यवस्था छ, यहाँहरु सबैलाई जानकारी भएको कुरा पनि यो अन्तर सरकारी वृत्त व्यवस्थापन ऐन २०७४ भनेर यहाँ स्पष्ट रुपमा भनेको छ । यो अन्तरसरकारी वृत्त व्यवस्थापन ऐन २०७४ को दफा १४ र दफा १५ मा, दफा १४ मा के भनेको छ भने आन्तरिक ऋण लिन सक्ने कुराको व्याख्या गरेको छ र दफा १५ मा के भनेको छ भने नेपाल सरकारले

ऋण दिन सक्ने व्यवस्था गरेको छ । यो दफा १४ र १५ मा जुन गरिएको छ यी दुई फरक प्रकृतिका ऋण हुन् भनेर नै बुझिन्छ र त्यसको बारेमा यहाँ स्पष्ट रुपमा व्याख्या गरेको कुरा पनि म यहाँहरुको बिचमा राख्न चाहन्छु । सँगसँगै अब कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा १४ को प्रावधान बमोजिम गण्डकी प्रदेश सरकारले आ.व. ०७९/८० को बजेटमा रु. २ अरव घाटा बजेटको पेश गरेको व्यहोरा पनि प्रष्ट पार्न चाहन्छु । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन दफा २३ को उपदफा २ बमोजिम घाटा बजेट पूर्ति गर्ने स्रोतमा बजेटमा स्पष्ट रुपबाट रु. १ अरव आन्तरिक ऋण र १ अरव नेपाल सरकारबाट लिइने ऋणलाई आधार बनाइएको हो । यसरी विश्लेषण गर्दा १ अरव आन्तरिक ऋण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको २०७९—१—१६ को सिफारिस भन्दा कम रहेको पनि प्रष्ट पार्न चाहन्छु । गण्डकी प्रदेशको लागि आगामी आर्थिक वर्षको बजेटको स्रोत मध्ये रु. ९ अरव २३ करोड ९२ लाख राजश्वको बाँडफाँडबाट प्राप्त रकम र रु. ५ अरव ९ करोड १६ लाख आन्तरिक आय गरी कूल रु.१४ अरव ३३ करोड ८ लाख जम्मा आम्दानी हुने देखिन्छ । वित्तीय आयोगको सिफारिस बमोजिम आन्तरिक ऋण लिन पाउने १२ प्रतिशत रकम भनेको रु. १ अरव ७१ करोड ९६ लाख हुन्छ, जबकि गण्डकी प्रदेश सरकारले प्रस्ताव गरेको रु. १ अरव आन्तरिक ऋण त्यो त उक्त सीमा भन्दा कम रहेको जानकारी पनि म यो सम्मानित सदनमा अवगत गराउन चाहन्छु । जहाँसम्म वृत्त आयोगको मिति ०७९—३—१३ को निर्णयसहितको ध्यान आकर्षणको पत्रको सवाल छ, यस सम्बन्धमा नेपाल सरकारबाट लिइने ऋणलाई पनि आन्तरिक ऋणभित्र समेटिने गरी गरिएको व्याख्या कुनै कानुनको जगमा टेकेर परिभाषित गरेको देखिदैन । प्रदेश सरकारले लिन पाउने ऋण पनि आन्तरिक ऋणभित्र समेट्ने गरी कुनै कानुनले परिभाषित गरेको पनि छैन । नेपाल सरकारले यस सम्बन्धमा यो भनेर कतै निर्णय गरेको पनि देखिदैन । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १४—१ र दफा १५ जो मैले अघि यहाँ देखाई पनि सकेको छु । १५—१ उल्लेख भएका क्रमशः आन्तरिक ऋण र सरकारले प्रदान गर्ने यी दुई फरक व्यवस्थापले यी दुई प्रकारका ऋण हुन् भनि स्पष्ट

किटानी नै गरेको छ । त्यसैले आयोगको यो निर्देशन अन्तर सरकारको ऐन विपरित रहेको देखिन्छ ।

सभामुख  महोदय,

यसै सन्दर्भमा म अझ के प्रष्ट पार्न चाहन्छु भने, प्रतिपक्ष माननीयज्यूहरु पनि यसमा जानकार नै हुनुहुन्छ भन्ने मेरो विश्वास रहेको छ । नेपाल सरकारले तयार गरेको सार्वजनिक ऋण व्ययवस्थापन सम्बन्धी कानुनलाई संसोधन र एकीकरण गर्न बनेको विधेयक जुन प्रतिनिधि सभा २०७६—५—२५ मा दर्ता भइसकेको छ, त्यसले दफा २ क मा आन्तरिक ऋण भन्नाले नेपाली नागरिक संगठित संस्था, बैंक तथा वित्तीय संस्थाबाट लिइने  ऋण सम्झनु पर्छ भनेर स्पष्ट रुपमा परिभाषित पनि गरेको छ । यसबाट पनि के प्रष्ट हुन्छ भने, नेपाल सरकारबाट लिइने ऋण आन्तरिक ऋण होइन । त्यसैले वित्त आयोगको यो ध्यानाकर्षण कानुनी प्रावधानमा टेकिएको छैन र यसैका कारणले बजेट त्रुटी छ भन्न पनि मिल्दैन, म यहाँ स्पष्ट पार्न चाहन्छु प्रतिनिधि सभामा । त्यो दर्ता गरिएको २०७६—५—२५ मा त्यो दर्ता भएर बसेको छ । यसमा स्पष्ट रुपमा भनिएको छ, आन्तरिक ऋण भन्नाले नेपाली नागरिक संगठित संस्था, बैंक र वित्तीय संस्थाबाट लिइने ऋण सम्झिनु पर्छ भनेर पनि भनिएको छ, यद्यपि यो सदनमा बसेको छ । यी आदि सबै कुराका हिसावले तपाईं आन्तरिक ऋण भनेको वास्तवमा हामीले प्रदेशभित्र लिइने अथवा नागरिकहरुसित लिने, संगठित संस्थाहरुसँग लिने, बैंक वा वित्तीय संस्थासँग लिइने ऋण यो आन्तरिक ऋण हो । नेपाल  सरकारकासँग लिइने भनिएको ऋण आन्तरिक भित्र पर्दैन भने, यी धेरै तथ्यहरु हामीसँग छन्, मैले प्रष्ट पार्न चाहें ।

सभामुख महोदय,

गण्डकी प्रदेश सरकारको आगामी आ.व. को बजेटमा मात्रै यो ऋणलाई स्रोतको रुपमा उल्लेख गरेको होइन । अहिले प्रतिपक्षमा हुनुभएका माननीयज्यूहरु त्यतिखेर हामी  सँगै के थियौं भन्दा सत्तापक्ष थियौं । अब उहाँहरुलाई राम्रोसँग थाहा हुनुपर्छ,

२०७७/७८ मा हामीले १ अरव आन्तरिक ऋण र १ अरव नेपाल सरकारबाट लिइने ऋणलाई नै स्रोतको रुपमा प्रस्ताव गरेका थिएनौ र रु गरेका थियौं नि २०७७/७८ मा पनि । जब कि प्रदेश सभाको त्यतिखेरको जम्मा आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम र प्रदेशको आफ्नो आय ११ अरव ८० करोड मात्रै थियो, त्यतिखेर वृत्त आयोगलाई यो परिभाषा र सीमा निर्धारण गर्नु परेन । त्यति मात्र होइन, आ.व. ०७८/७९ मा पनि सोही बमोजिमको ऋणको व्यवस्था गरिएको थियो तर प्रदेशको जम्मा आय १२ अरव ६२ करोड मात्र थियो । त्यो बेलामा पनि वृत्त आयोगले ध्यानाकर्षण गराउन आवश्यक ठानेन ।

सभामुख महोदय,

आ.व. ०७७/७८ मा प्रदेश १ ले त झन् ५ अरवको ऋण स्रोतको रुपमा उल्लेख गरेको थियो । त्यतिबेला वित्त आयोग थाहा पाएन अथवा के भयो रु वित्त आयोगले जान्ने कुरा रह्यो । अहिले आएर त्यो गण्डकी प्रदेशको लागि मात्र विना कानुनी आधार आन्तरिक ऋणको परिभाषा गरी ध्यानाकर्षण पत्र बजेट सार्वजनिक भएको १३ दिन पछि १ गते हामीले सार्वजनिक गर्यौं बजेट, १३ गते मात्रै त्यो पत्र प्राप्त भएको थिएन, १३ दिन पछि मात्रै पत्र आएको, पत्र पठाएको, आएको हामीले थाहा पाएका थियौं । सामान्य अवस्थामा त यो बजेट सायद हामीले पास गरिसक्थ्यौं हाम्रा बिचमा, सायद कुनै प्रकारका अन्तरविरोधहरु बुझाईमा अनेकता नभएको भए १३ गतेभित्र त करिव करिव पास पनि भइसक्थ्यो । सामान्य अवस्थामा यो बजेट यो अवधिमा पास भइनै सक्थ्यो मैले भने । त्यसकारण गण्डकी प्रदेश सरकारको तर्फबाट यसको गम्भिर समीक्षा जरुरी छ । यो विषय बजेटको अंकसँग होइन सभामुख महोदय, व्यवस्था पद्धति र कानुनसँग बाझिने विषय हो । अन्ततोगत्वा यस्ता विषय मैले अघिनै भनिसके संघीयतालाई नै कमजोर पार्न खोज्छ । म के भन्छु भने, हामीले गरेका यो अभ्यास अहिलकै प्रतिपक्षहरु जो हामीसँगै सत्तामा थियौं गरेको अभ्यासकै निरन्तरता त हो नि, त्यो भन्दा फरक त होइन । तत्कालिन समयमा यही कार्य संविधानसंम्मद थियौं, नियमन

संम्मद बन्यो, वित्त आयोगले केही भनेन त्यस्तै त्यस्तै लागेको केही भनेन, अहिले संविधान प्रतिकुल कसरी भयो रु यो मिल्दैन । त्यसैले माननीयज्यूहरु यस्ता वहसहरु, छलफलहरु पनि आवश्यक होलान् तर हामी यस्ता वहसहरुमा, छलफलहरुमा मात्र सीमित नरहुँ नअल्झिउँ र हामीले हाम्रो प्रदेशलाई कसरी मजबुत बनाउने भन्ने दिशा तर्फ नै वहसहरुँ केन्द्रिकृत छ मैले यस विषयमा यत्तिनै स्पष्ट पार्न चाहें र सँगसँगै मैले यहाँ के पनि देखाउन चाहन्छु भने, यो आ.व. ०७७/७८ मा भने वृत्त आयोगले के भनेको थियो भन्नुहुन्छ भने, १२ प्रतिशत ऋण लिन सक्छौ है भनेर यसरी पठाएको थियो । यो ०७७/०७८ मा पनि र यसै गरी ०७८/७९ मा पनि १२ प्रतिशतले ऋण लिन सक्छौ है भनेर पठाएको थियो र यसैगरी ०७७/७८ र ०७९/८० मा पनि १२ प्रतिशतले ऋण लिन सक्छौ है भनेर आन्तरिकसँग १ अरव र नेपाल सरकारसँग ऋण लिने भन्दै बजेट ०७७/७८ मा ०७८/७९ मा र ०७९/८० मा पनि हामीले २—२ पल्ट प्रकृया अगाडि बढाएको कुरा फेरी गहिरो गरी स्मरण गरिदिन म अनुरोध गर्न चाहन्छु । अर्को यो मध्यकालिन खर्च संरचना सम्बन्धीको कुरा, यो मध्यकालिन खर्च संरचनाको पुस्तक हात—हातमा चाहिन्छ भन्ने कुरा जुन छ यो सान्दर्भिक थियो । प्रदेश सरकारले छिटो गरिदिनु पर्थ्यो यो ढिला नै भयो अब जसका लागि विषय उठ्नु पर्ने थियो यो ढिलो उठ्यो तर पनि मैले अघि पनि भनें, ठिक विषय उठाउनु भयो मैले धन्यवाद भने । अहिले यो मध्यकालिन खर्च संरचना, त्रिवर्षिय प्रक्षेपण आइ नै सकेको छ हात—हातमा यो विषय हल भइसकेको कुराहरु नै भयो । अब अनुसूचीको पुस्तकको बारे पनि यहाँ कुराकानी चलेको छ, यसमा मैले के प्रष्ट पार्न चाहन्छु भने यो विभिन्न कारणले छुट हुन गएका योजनाहरु हुन्, यसरी नै बुझिदिनका निम्ति म अनुरोध गर्न चाहन्छु । अब अर्को पूर्वाधार विकास कार्यक्रमको बारेमा पनि जिज्ञासा रहेको छ । अब यहाँ सत्तापक्ष, प्रतिपक्ष करिव करिव सिंगै सदनले यो के हुन्छ भन्ने हिसावले जो विषय उठाउनु भएको छ । स्वभाविक रुपमा आफ्ना विचारहरु हुन्छन्, मैले मेरो विचार सुरक्षित राख्दै, हाम्रा अभ्यासहरु के छन् रु र जनताको अपेक्ष के छ रु भन्ने कुराको हेक्का पनि हामीले राख्नु जरुरी छ, किनभने जनताको अपेक्षा एउटा हुने, हाम्रा अभ्यासहरु एउटा हुने हुँदै गर्दाखेरी

हामीले फेरी ठूलो मेहेनत गरेर प्राप्त गरेको प्रणाली कमजोरी बन्दै जाने र संघीयता विरोधीहरुलाई फेरी स्पेस हुने खालको स्थिति पनि हुन सक्ने हुन्छ यतातिर पनि हामी सचेत रहनु जरुरी छ । यसर्थ, सिंगो सदनले प्रतिपक्ष, सत्तापक्षका सबैका माननीयज्यूहरुले यो विषय कुनै पनि हिसावले संवोधन हुनु पर्छ भन्ने जुन ढंगले विषयवस्तु राख्नुभएको छ । नीति कार्यक्रमा त यो थिएन, तर नीति कार्यक्रममा नहुँदा नहुँदै पनि यसको संवोधन हुनु पर्छ भन्ने हिसावले विषयवस्तु उठिसकेपछि, म अर्थमन्त्री हुनुको नाताले मेरो आफ्नो नीजि विचारले सुरक्षित हुने नै कुरा भयो, तर फेरी मेरो दायित्व सिंगो सरकारसँग जोडिएको र सिंगो सदनसँग पनि जोडिएकोले हुनाले भन्ने हिसावले नै हाम्रो विच नै एउटा सोच बनेको छ, संवैधानिक बनेको छ भन्ने नै प्रष्ट पार्न चाहन्छु । तपाईं यो विकास पूर्वाधारको नाममा प्रत्येक निर्वाचन क्षेत्रमा २—२ करोड जाने हिसावले नै यसको व्यवस्थापन गरिने छ । यसको स्रोत अथवा विविधबाट व्यवस्थापन गरिने छ र मैले फेरी एकचोटी यहाँ पूर्वाधार विकासको नामबाट अगाडि बढ्ने कुरा फेरी यो सदन समक्ष अवगत गराउँदै मेरा भनाईहरु अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

माननीय सदस्यहरु,

अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई मिति २०७९ असार २२ गते सभा समक्ष प्रस्तुत भएको विनियोजन विधेयक २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरियोस् भनि अनुमति दिन्छु ।

माननीय सभामुख महोदय,

माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७९ साल असार २२ गते प्रस्तुत भएको विनियोजन विधेयक २०७९ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयकमाथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरु,

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको प्रतिपक्षमा हुनु हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमीमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यसको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने  माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, उक्त विनियोजन विधेयक २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले मिति २०७९ असार २२ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७९ माथिको छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

यस छलफलमा उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र कानुन सञ्चार तथा प्रदेश सभा मामिलासँग सम्बन्धित शीर्षकमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।

छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्ना भनाई राख्नु हुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारीलाई  छलफलमा भाग लिन समय दिन्छु ।

सभामुख महोदय,

आज मुस्लिमहरुको पर्व इदको सन्दर्भमा सबभन्दा पहिला हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी एमाले संसदीय दलको तर्फबाट म सबैलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय,

आज बिहान हामी संघीयता कार्यान्वयन सम्बन्धी छलफलमा थियौं । संघीयता कार्यान्वयनमा समस्या के छ, कार्यान्वयन पक्ष के छ, समस्या के छ ? भनेर छलफलमा भाग लिँदै थियौं । मलाई त्यहाँको छलफलमा लिँदै यताको पनि सम्झना आयो । हामी संघीयतालाई कार्यान्वयन गर्दैछौं कि अथवा के गर्दैछौं ? भन्ने कुरा मैले दिमागमा समीक्षा पनि गरैं । हामी वडाअध्यक्ष भएका छौं कि, प्रदेश सभा सदस्य भएका छौं ? के भएका छौं भनेर मैले छुट्याउन सकिन । त्यहाँ छलफल भयो १ लाख पनि बाँडिन्छ, ५ लाख पनि बाँडिन्छ, संघले पनि बाँड्छ, प्रदेशले पनि बाँड्छ, स्थानीय तहले पनि बाँड्छ अनि के संघीयता हो के फरक भयो त भनेर पनि छलफल भएको थियो । यो कुरा मैले सम्झें यहाँ प्रदेश सरकारले बाँडेको बजेटको बारेमा जोडें । मलाई लाग्छ अर्थमन्त्रीज्यूले जवाफ दिनुभयो, उहाँले आफ्नो रित पुर्‍याउनु भयो तर म अहिले पनि के कुरामा कन्भिन्स छैन भने अहिलेको बजेटमा कुनै त्रुटी छैन भन्न म कन्भिस छैन, हाम्रो दल कन्भिस छैन । तपाईं मध्यमकालिन खर्च संरचना, प्रथम पञ्चवर्षिय योजना, पन्ध्रौं पञ्चवर्षिय योजना, दिगो विकास लक्ष्य, गरिवी निवारणका उद्देश्यहरुलाई कहाँनिर मेल खान्छ यसले ? मेल खाने गरी ल्याएकै छैन, यसले कतै भेट्दैन, यसले त्यो उद्देश्य प्राप्त गर्नै सक्दैन । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कुरा गर्नुभयो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग हाम्रो नीजि विषय होइन, त्यो त उसैले आफुले पत्र लेख्ने, के कांग्रेसले एमाले भनेर लेखेको पत्र हो त्यो ? दलगतका पार्टी कार्यालयमा लेखेको पत्र हो त्यो ? सरकारले लेखेको पत्र हो । संवैधानिक अंगले लेखेको पत्र हो त्यो । चैतमा लेखेको पत्र रहेछ । चैत्रमा १२ प्रतिशत हुने गरी ऋण लिन पाउँछ भनेर चैतमा लेखेको पत्र चैतको पत्रलाई गुमराहमा राखेर, थुनेर, लुकाएर राखेर, पेण्डिङ गरेर, साउनको पत्र मात्रै हेर्ने र सचेत गरायो त्यो पहिला त थाहा थिएन, १२ प्रतिशतको कुरा थाहा थिएन, हामीलाई आएकै थिएन, मन्त्रालयलाई आएकै थिएन भनेर हाम्रा अगाडि पनि झुट बोल्ने काम सरकारका प्रतिनिधिले गर्नुभयो । वास्तवमा यो गुमराह गर्ने काम गर्नु हुँदैन । सरकारले राष्ट्रिय वित्त आयोगको पत्र पढ्यो अन्यथा गरेको छ । राष्ट्रिय वित्त आयोग पनि

दलविशेषको आयोग होइन, त्यो संवैधानिक आयोग हो । हिजो गरेको थिएन, अहिले गर्यो । हिजो तपाईं गणतन्त्र हुनुहुन्थेन, हिजो तपाईं कुनैबेला पञ्चायती हुनुहुन्थ्यो, कुनैबेला वहुदलीय व्यवस्था हुनुहुन्थ्यो । अहिले व्यवस्था परिवर्तन गर्नुभएको छ, संघीयता ल्याउनु भएको छ, अनि हिजोको ती सबै हुनुपर्छ भनेर तपाईं खोज्नुहुन्छ भने तपाईं कुन मानसिकता हुनुहुन्छ रु मानसिकता परिवर्तन हुनुपर्यो, हाम्रो व्यवहार परिवर्तन हुनुपर्यो, आचरण परिवर्तन हुनु पर्यो भनिराखेका छौं । अहिले हामी कहा छौं, के छौं रु त्यही अनुसार व्यवहार गर्नुपर्यो नि । चैतमा आएको पत्र अहिले असारमा पनि तपाईं नहेरेर, कारण नभएर अझ ठिकै गरेको छु, मेरो बजेटमा कुनै त्रुटी छैन भन्न मिल्छ रु सरासर त्रुटी छ, उहाँले गल्ती महसुस गर्नु पर्ने हो । उहाँले हाम्रो कमजोरी अब आइन्दा दोहोराउँदैनौ भनेर कमजोरी महसुस गर्नुपर्यो, तर त्यो भन्न सक्नुभएन ।

सभामुख महोयद,

हामीले गर्न खोजेको के हो भने गणतन्त्रमा, संघीयतमा जनतालाई आशावादी बनाउने हो । सरकारको रुपमा यो प्रदेश र स्थानीय तहलाई स्थापित गर्ने । जनताको समस्यालाई प्राथमिकता दिएर छोड्ने । जनतालाई दुःख नपरोस्भन्ने हिसावले ध्यान दिनु पर्ने हो । मलाई गजब लाग्छ ५ लाखको योजना नपाएर जनता तल छट्पटिराखेका छन्, एउटा योजना पाइएन भनेर छटपटाइरहेको छ, यो सरकारले पक्ष र प्रतिपक्ष भनेर बजेट बाँडेको छ । प्रतिपक्षलाई दिन पर्दैन भनेर सत्तापक्षले बाँडेर लिएको छ, बजेट पनि कसरी बाँडेको रहेछ भने त्यो विकासलाई होइन रहेछ सभामुख महोदय, जनता समस्याको लागि होइन रहेछ त्यो, खानेपानीको लागि, बाटोको लागि होइन, मोटरेवल पुलको लागि होइन, झोलुंगे पुलको लागि होइन बजेट त आफ्ना बाबुआमाको ट्रस बनाउनको लागि । मैले यसको अर्थ मैले ती बाबुआमा प्रति अनादर गरेको होइन, उहाँहरु सोझै हुनुहुन्छ । आदरणीय गोवद्र्धन शर्मा उहाँ सोझै मान्छे हो, लगायत अरु धेरै मान्छे श्रद्धेय होलान् । प्रजातान्त्रिकको आन्दोलनमा, लोकतन्त्रको आन्दोलनमा योगदान गर्नुभएको होला तर प्रदेश संघ सरकारले कतिपय कुरा गरिरहेकै छ नि ।

वि.पि.को स्मृति, गणेमानको स्मृति, पुष्पलालको स्मृतिमा, मदन भण्डारीको स्मृतिमा र अरु धेरै नेताहरुको स्मृतिमा त संघ सरकारले गरेकै छ नि । तपाईं प्रदेशमा ५ लाख रुपैयाँ बाँड्न नपाएर सकस परेको ठाउँमा तपाईं करौडौं रुपैयाँ नेताका बाबुआमा, सांसदका मान्त्रीका बाबुआमाको नाममा ट्रस बनाएर, बजेट बाँडेर, बजेटलाई सदुपयोग गर्नुभएको छ कि दुरुपयोग गर्नुभएको छ रु बजेटलाई ठिक ठाउँमा राख्नु भएको छ कि छैन रु जनताको समस्या के हो अहिले रु जनताको समस्या त ट्रस बनाउने हो कि जनताको सुरक्षा खानेपानी हो रु जनताको समस्या मोटरेवल पुल, झोलुंगे पुल, मोटरबाटो बनाउने हो कि ट्रस बनाएर पैसा एक ठाउँमा जम्मा गर्ने हो रु तपाईंहरुलाई लाज लाग्दैन रु त्यस्तो काम गर्न मिल्छ रु तपाईंहरु सत्तापक्ष सबै सर्वसम्मत भएर आएको विषय होइन यो रु होइन भने यो फिर्ता लिनु पर्छ । यस्ता कुरा जनताको अगाडि जनताले के भनिरहेका छन् बाहिर रु सामाजिक सञ्जालमा के भनिरहेको छन् रु त्यही कारणले जनता संघीयताको विरोध गरिरहेका छन्, त्यही कारणले जनताले प्रदेश सरकारको औचित्यमाथि प्रश्न उठाएका छन् । प्रदेश खारेज हुनुपर्छ भनेका छन् । हामीले प्रदेश बनाएर, संघीयता ल्याएर बढी खर्च गर्ने बनायौंँ, उनीहरुको निजी स्वार्थ पूरा गर्ने बनायौं, महंगो गाडी चढ्ने बनायौं र अनावश्यक खर्च दुरुपयोग गर्ने काम बनायौं, त्यसले यो चाहिँदैन भनेर आक्रोस पोखिराखेका छन् । त्यो कुरा गरेर काम गर्नु पर्दैन रु हाम्रो काम जनमुखी हुनुपर्दैन रु अनि यो जनमुख हो रु ठिक हो भन्ने ठान्नुहुन्छ रु अनि कसैलाई पत्तै नदिई यो सेतो  किताव भनि मिलाएको जस्तो, यस्तो गरेर हुन्छ रु अनि कहीं कतै हालेको छ । तपाईंले ट्रसमा हालेको बजेट के हो रु यसको जवाफ दिनुपर्छ अर्थमन्त्रीले, मुख्यमन्त्रीले जवाफ दिनुपर्छ । हामीले उहाँहरु बाबाआमाहरु प्रति, उहाँले गरेको योगदान प्रति हो अन्यथा कुरा होइन, उहाँहरुलाई आलोचना गरेको होइन । आदरणीय गोवद्र्धन शर्मा प्रतिमा आदर सम्मान गर्छौं । आदरणीय गोवद्र्धन शर्माले लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान गर्नु भएको थियो । अरु नेताहरुले पनि गर्नु भएको होला, तर प्रदेशले सबै २—३ करोड पैसा लगेर व्यक्ति—व्यक्तिको ट्रस बनाउन सिस्टम गर्ने रु त्यस्तो गर्नु हुन्छ रु मेरो यो सम्बन्धी अर्थमन्त्रीले चित्तबुझ्दो जवाफ दिनु पर्छ । त्यस्तै अर्को कुरा

म चाहन्छु, यो सेतो किताव केही पनि होइन भन्नु भयो उहाँले । सेतो किताव गैह्र कानुनी छ । हामीले पनि पढेका छौं र बुझेका छौं । तपाईंले के आधारमा बजेट ल्याउनु भयो रु राष्ट्रिय वित्त आयोगले भनेको पत्रको आधारमा पनि २८ करोड ४ लाख बढी छ भनेर हामीले अस्ति उठायौं । २८ करोड ४ लाख कहाँबाट एड्रेस गर्नुभयो रु नियमित बजेटबाट आएको हो भन्नुभयो । भोलि तपाईंले कार्यान्वयन गर्न ठाउँ देखिदैन त्यो । अहिले यो सेतो किताबमा जुन २७ करोड भन्दा बढी रकम छ, त्यो २७ करोड भन्दा बढी रकम तपाईंहरुको गठवनधनमा आयो कहाँबाट आयो त्यो हामीले बारम्बार भनिराखेका छौ । एउटा वडा २५—३० करोड हालेर कुनै वडामा, कुनै ठाउँमा आवश्यक ठाउँमा एक पैसा पनि नहालिकन तपाईंहरुले विकास राम्रै गर्न खोजिरहनु भएको छ । हामीले देखिराखेका छौं, हामीलाई केही छैन, जनताले जवाफ दिने विषय हो, जनताले सोध्ने कुरा हो । तपाईंहरुलाई भन्न चाहन्छौं यस्ता टुक्रे बजेट, यस्ता गलत खालका बजेट बाँडेर जनतामा असन्तुष्टी बढाउने, प्रदेश सरकारप्रति असन्तुष्टि बढाउने काम, संघीयता प्रति असन्तुष्टी बढाउने काम तपाईंहरुले गर्नुभएको छ, यसको जिम्मेवार तपाईंहरु हुनुपर्छ । हिजो पनि यस्तै भएको थियो, हिजो राजाको पालामा के भएको थियो रु त्यही पक्षमा हामी लाग्ने हो र रु विगतमा भएका गल्तीहरु छन् भने त्यसलाई सच्याउने हो कि आवश्यक ठाउँमा लिएर आउने हो रु विगतका गल्ती सच्याएर जानुपर्यो नि । विगतका गल्ती भए सच्याएर कहीं हिजो बहुदलको पालामा पनि कमजोर भएका थिए त्यसलाई सच्याउनु पर्दैन रु यस्तो कुरा हिजो पनि थियो, अहिले पनि त्यस्तै भएर जान्छ भनेर हुन्छ रु यस्ता कुरा ठिकै हुन् भनेर प्रतिपक्षले ताली पिट्छ भन्ने कुरा अनुमान नगर्नुहोस् । त्यो सेतो कितावको बारेमा पनि कहाँबाट खर्च गर्नुहुन्छ रु जवाफ चाहिन्छ । त्यो यस्तो गोलमटोल कुराले हुँदैन । मैले सुनेको छु, निर्वाधभित्र पूर्वाधारको कुरा पनि समानुकरण अनुदानबाट लिन मिल्दैन । तपाई त्यो पैसा कहाँबाट व्यवस्थापन गर्नु हुन्छ रु निर्वाचन क्षेत्रको पूर्वाधार विकासको कुरा पनि त्यो पनि तपाई गम्भिर हुनुहोस् । दिनुभयो २—२ करोड, सबैले मागे भन्नुभयो दिनुभयो । त्यसको कसरी व्यवस्था

गर्नुहुन्छ ? त्यसको पनि व्यवस्था गर्नुहोस् । भोली आफै अप्ठ्यारो पर्ने कुरा नगर्नुहोस्, यति कुरा राख्न चाहन्छु ।

सभामुख महोदय,

अहिले विषय हामी जुन कुरा हामी मन्त्रालयको विषयमा भनिराखेका छौं, त्यसबारेमा धेरै भन्नु छैन, साह्रै धेरै भन्नु छैन, किन भने यसमा समय खर्च गर्नु पर्ने छैन । एउटा कुरा म भन्न चाहन्छु, को हुनुहुन्छ आन्तरिक मामिला मन्त्री हाम्रो विश्वकर्मा दोबाटेज्यू । मैले नाम लिन परेकोमा क्षमा चाहन्छु । मेरो जिल्ला लामजुङ जिल्ला, लमजुङ जिल्लामा जाने सदरमुकाम जाने बाटो पहिरो गएर, पिच बाटो पहिरो गएर, जनताले कहाँ डाइभर्सन बनाएर, कहाँ आधा घण्टा, १ घण्टाको डाइमर्सन बनाएर तल र माथि गर्नु परिराखेको छ । कुनै जानकारी छ प्रदेश सरकारलाई ? नाकावन्दी जस्तो । लमजुङ जिल्लाको सदरमुकाम वेसीशहर, मनाङ त झन् माथि पर्छ त्यो भन्दा माथि । मनाङमा कति दुःख सास्ती भएको होला ? लमजुङ जिल्लालाई परेको सास्तीको बारेमा त्यो सरकारको जानकारीमा छ ? अनुगमन गरेको छ ? हेरेको छ ? देखेको छ ? धेरै कुरा भन्नु पर्दैन । बाढीपहिरो आएको छ, धेरै जनताले दुःख पाएका छन् । यो सरकारले ध्यान दियोस्, अनुगमन गरोस्, त्यो कामको फत्ते गरोस्, सम्पादन गरोस् भन्ने म चाहन्छु । यो सरकार अहिलेको यो मन्त्रालयको सन्दर्भमा कुरा गर्दाखेरी पहिलो कुरा, कानुन मान्त्रालयले हामीले जे कानुन बनाएका छौं, कानुनको कार्यान्वयन कति भयो भनेर अनुगमन कसले गर्ने ? हामीले गरेका छैनौं । कानुनको कार्यान्वयन कतिबेला छ ? आवश्यकता अनुसार बनाएका छौ कि, आवश्यकता अनुसार बनाएका छैन भन्ने विषय अनुगमन गर्ने कुन मन्त्रालयले ? आन्तरिक मामलाले हो कि, वन वातावरणले हो कि, भौतिक पूर्वाधार मन्त्रालयले हो कि ? कसले हो ? त्यो त कानुन मामलाले गर्ने होला नि ! कानुन मन्त्रालयले कार्यान्वयन भएको छ कि छैन ? किन कार्यान्वयन भएको छैन भनेर किन खोजिएको छैन ? हाम्रो बिचमा पनि त्यो विषयको समिति बनाएर अनुगमन गर्नु पर्छ कि के छ त्यसबारे ध्यान किन गएका छैनौं ? भटाभट हामी जो ऐन बनाएका

छौं, कार्यान्वयन भएको छैन, यहीं छ, बनाएको यहीं छ, तल जाँदैन । सुविधाको भए गईहाल्छ तल कार्यान्वयन भईहाल्छ, अरु कार्यान्वयन हुँदैन, कानुनको सम्बन्धमा यति कुरा राख्न चाहन्छु । तपाईं वातावरण प्रदुषित पुनःस्थिती कुरा बढिरहेको छ, तपाईं ट्राफिकको कुरा हेर्नुहोस्, धेरै धुवाँ धुलो बढिराखेको छ, जाम हुन थालेको छ, ट्राफिक व्यवस्थापनमा कुनै व्यवस्था भएको छैन, व्यवस्था त के कुरा कुनै पनि देखिन्न । बसपार्क बन्न खोज्दैछ भन्ने कुरा सुनेका छौं त्यो कति वर्षको हो रु तर अहिलेकै ट्राफिक व्यवस्थापनमा पनि त्यो व्यवस्थित छैन । प्रदेश सभाको कुरा मैले विगतमा पनि उठाएको कुरा हो, म अहिले धेरै उठाउन चाहन्न । प्रदेश सभालाई स्थापित गर्ने कुरा हामीले कति ध्यान दियौं रु हिजोको सरकारलाई पनि हामीले आलोचना गर्यौं, हिजोको सरकारलाई तपाईंले प्रदेश सरकारलाई पर्याप्त रकम दिनुभएन भनेर हामीले आलोचना गर्यौं नि विगतमा । हिजोकोे सरकारले प्रदेशको सरकारलाई के गरेको छ रु अहिले पनि  हामी दलको कार्यालय हाम प्रिफेसमा छौं, ठिकै छ हामीले प्रिफेसमा चित्त बुझाएर बसेका छौं । अहिलेसम्म पनि आफ्नो भवन प्रदेश सभाको आफ्नो भवन शिलान्यास पनि भएको छैन । दलको कार्यालय कहाँ हो, समितिको कार्यालय कहाँ हो, अनि त्यसपछि पुस्तकालय कहाँ   हो रु हामीले यो ५ वर्ष केही पढ्न पाउने ठाउँ नभइकन सकियो । कुनै पुस्तकालयको व्यवस्थापन विनै सकियो, अध्ययन विनै सकियो, हामीले कोठामा जति अध्ययन गरियो त्यति हो । कुनै व्यवस्थापनै छैन, त्यहाँ कुनै रुची पनि छैन, गर्नु पर्छ भन्ने पनि छैन, के भएको  हो रु यो गर्नु पर्दैन रु प्रदेश सभालाई व्यवस्थित गर्न सक्यो भने मात्र होइन यहाँका मान्छेहरुको दिमाग अझ पहिला पहिला त उहाँ सांसदहरु बस्ने आवासको पनि कुरा भएको थियो, आवास परैको कुरा हो, यहाँ त न्यून चाहिने कुरा पनि छैन, कर्मचारी व्यवस्थापन छैन, दलगत कार्यालय पनि छैन यो चल्ते चलातेको भरमा कति सम्म चल्ने रु कसले हेर्ने हो यो रु

सभामुख महोदय,

यसको व्यवस्थापन कहिले गर्ने हो रु ५ वर्ष पनि वितिसक्यो । कहिले गर्ने हो रु अर्को सांसदर आएपछि गर्ने हो कि, तपाईंको पालामा गर्ने हो रु यो मेरो प्रश्न छ । हामीले पहिलाको सरकारले भनेको भनेर बारम्बार उठायौं, तपाईं पुरानै कुरा दोहोर्याइरह्यो भन्नुहोला । काठेपुल विस्थापन गर्ने कुरा गर्यौं, उज्यालो प्रदेशको कुरा गर्यौं । आजको दिनसम्म उज्यालो प्रदेशको घोषणा हुन सकेको छैन, आजको दिनसम्म पनि त्यो काठेपुलको विस्थापन योजना तल तलसम्म पनि पर्याप्त योजना आउन सकेको छैन । आधारभूत खानेपानी योजनाहरु जम्मै स्थगित भएका, अहिले एकाध परेका होलान् नभए आधारभूत खानेपानी योजनाहरु स्थगित भएका छन् । तपाईं कहिले जनतालाई खानेपानी दिनुहुन्छ रु खानेपानी फिल्टरको खानेपानी मात्र होइन, धाराको पानी समेत खान दिनुहोस्, धाराको पानी कहिले खान दिनुहुन्छ रु तपाईंको यो मति, गतिले कहिले खान दिनुहुन्छ रु तपाईं सुख पाउनु होला, जनताले सुख पाउँदैन किनकि यही स्थिति अपनायो भने । पत्रकार साथीहरुले मलाई पटक पटक सोध्नुहुन्छ, प्रदेश सरकारले सञ्चार विधेयक किन ल्याएन रु ५ वर्ष भइसक्यो यो सञ्चार विधेयक अहिलेसम्म छलफल पनि हुन सकेको छैन, पारित पनि हुन सकेको छैन । किन रोकियो रु प्रदेश सरकारको कारण रोकियो कि रु पत्रकार साथीहरुको कारणले रोकियो कि रु आम सञ्चार विधेयक जुन सञ्चार मन्त्रालय भित्र पर्छ, त्यो सञ्चार विधेयक किन कार्यान्वयन भएन रु किन छलफल भएर पारित हुन सकेको छैन रु यी आदि कुराहरु छन् सभामुख महोदय । त्यो भएको हुनाले म भन्न चाहन्छु हामी गम्भिर बनौंे, हामी एकअर्कालाई आरोपित लगाएर अथवा उम्किने कुरा गरेर, एकछिन उम्किएपछि उम्किहालियो, यिनीहरुलाई अलि लोतोपोतो परेर भनेपछि उम्किाहालिन्छ भन्ने नठान्नुहोला । भोलि पनि राजनीति गर्नु पर्छ, भोलि पनि अगाडि बढ्नु पछ, प्रदेश सरकार भोलि पनि हुन्छ, भोलि पनि हामी समाजमा राजनीति गरेर हिंड्छौं । कर बढाएर ढाड सेक्ने, बावुआमाको नाममा ट्रस बनाएर बजेटको दुरुपयोग गर्ने, सवारी कर बढाउने, धेरै मूल्य वृद्धिलाई टेवा पुग्ने गरी धेरै गतिविधिहरु गर्ने, जनतालाई के राहत दिन सकेका छौं रु बजेट दिंदाखेरी १ लाख, २ लाखको बजेट दिने, पर्याप्त बजेट नदिने, अनि सरकारको औचित्य कहाँनिर प्रवाहित हुन्छ रु जनताहरु कहाँनिर सन्तुष्टी दिन

सक्छन् रु तपाईंहरु सन्तुष्टि भएर हुन्छ रु जनता सन्तुष्टी हुनु पर्दैन रु त्यसकारण म सरकारमा ध्यानाकर्षण गराउन चाहन्छु, तपाईंले अगाडि सारेको बजेट कानुनी रुपले आउन सकेको छैन । मध्यकालिन संरचना किताब हामीले ल्याउने भनेपछि बल्ल हतार हतार छाप्नु भयो किन पहिले ल्याउन भएन रु बजेटको अंक होइन त्यो रु त्यसरकारण तपाईंले अंक नपुर्याइकन, तपाईंले जुन ध्यान दिनु पर्ने हो, ध्यान दिनु पर्ने कुरा नपुर्याइकन तपाईंले बजेट हतारमा ल्याउनुभएको छ, हतार त होइन २० दिन गुमराहमा राख्नुभयो, हतार गरेको भन्न मिल्दैन, तर कुरा पुर्याएर, अंग पुर्याएर ल्याउनु सक्नु भएन, कानुनी सम्मत पुर्याएर ल्याउनु भएन, वृत्त आयोगलाई आरोप लगाएर होइन, तपाईं ठिक ठाउँमा बसेर काम गर्नुहोस् यति कुरा म राख्न चाहन्छु र मेरो भनाई अन्त्य गर्छु धन्यवाद ।

अब म माननीय सदस्य श्री ललित कला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुख महोदय,

आज वकर इद मुस्लिमहरुको चाड र आज हरिशयनी एकादशी तुलसी रोप्ने दिन हिन्दुहरुको पनि महान चाड एकैचोटी परेछ, दुवै पक्षलाई र सबै नेपालीहरुलाई हार्दिक शुभकाना व्यक्त गर्न चाहन्छु । म नेपाली काँग्रेस संसदीय दलको तर्फबाट पनि व्यक्त गर्न चाहन्छु । आज २०७९ विनियोजन विधेयक अन्तर्गतको छलफलको क्रममा छौं । हामीलाई जुन विधेयक, जुन रातो किताव, सेतो किताव सम्पूर्ण माननीयज्यूहरुको हात—हातमा आइपुगेको छ । धेरै बोल्नुपर्छ जस्तो लाग्दैन फेरी पनि हामी अन्तिम वर्षमा छौं । हामीसँग सशर्त अनुभवी प्रतिपक्ष हुनुहुन्छ, हामीलाई कदम कदममा, बुँदा बुँदामा हामीलाई सचेत बनाउनु हुन्छ, त्यसकारण धेरै बोल्नु पर्छ जस्तो लाग्दैन । तर पनि अगाडि आएर उभिएपछि केही बोल्नु पर्छ भन्ने लाग्छ, र मेरो तर्फबाट पनि केही भनाई राख्न चाहन्छु । यहाँ धेरै कुरा आएका छन्, कितावलाई एकातिर राखेर व्यवहारिक रुपमा भन्दै गर्दा अहिले कति सहज छ परिस्थिति र जमाना हामीलाई सचेत हुनको

निम्ति यहाँ मिडियाहरुले पनि सचेत गराउनुहुन्छ र बाहिर हिँड्दा हिँड्दै बाटोमा धेरै हाम्रा जनसमुदायहरु प्नि सचेत भइसक्नुभएको छ यो कितावको लागि र जेसुकै होस् ती कुराहरु, बोल्दै गर्दा सत्तापक्षबाट धेरै कुरा आए । यहाँ माननीयज्यूहरु किनभने हाम्रो प्रतिपक्षमा हुनुहुन्छ अनुभवी माननीयज्यूहरु किन भने उहाँ पनि मन्त्री सांसद सबै भइसक्नु भएको छ र यतापटि हामी सत्तापक्षको पनि हामी सत्तामा सबै पदमा छौं, हुनेका पदमा नहुने पदमा सबैमा छौं र यहाँसम्म ल्याउनु हुने श्रद्धेय हाम्रा स्वर्गवासी बुवाआमाहरुको निम्ति जतिपनि ट्रस बनाइयो भनेर कुरा आए र त्यसको लागि मिडियावाजी धेरै आयो त्यो त ठिकै पनि हो । कसरी हेर्ने त्यसलाई, कुन दृष्टिले हेर्ने रु भन्ने कुरा हो, उहाँहरुले पनि यो सदनमा, यो पदमा यहाँ सम्म ल्याउनको निम्ति धेरै योगदान गर्नुभएको थियो होला, पक्कै पनि यो ठाउँमा आउँदाखेरी जोकोही भावुक बन्छ होला । एउटा आमाले खानेकुरा भेट्दै गर्दाखेरी, चकलेट भेट्दै गर्दा घरको छोराछोरी सम्झिन्छन्, मिठो कुरा धेरै गर्दा मैले घरको परिवार सम्झिन्छु, मेरो स्वर्गवासी बा—आमा कमसेकम हुनुभएको भए कमसे कम चखाउँथे होला भन्ने हुन्थ्यो । त्यो हुन्छ र भावनात्मक भएर र जे जति भएका छन्, समाज परिवर्तनका लागि, यो समाजमा रहेका जनताको लागि कार्यान्वयन होस् भन्ने मेरो भनाई छ । आज ऊर्जाको धनी देश हाम्रो नेपाल, अनि गण्डकी प्रदेश आज मेरै जिल्ला पर्वतको कुरा गर्दैगर्दा नजिकै मेरो ४५ १ घण्टाको बाटो हिँडेर जाने मेरै वडामा जलविद्युतको काम भइराखेका छन्, तर चटयाङ गर्दा, झिलिक्क गर्दा लाईन जान्छ, अनि २—३ दिनसम्म अँध्यारोमुनि बस्नु पर्ने हुन्छ । त्यस्तै छ हाम्रो देशको परिस्थिति, यसलाई मध्य नजर गर्दै हामीले यता पनि ध्यान दिनु पर्छ । किताव भित्र जेसुकै आउन्, बजेट जसरी पनि आउनु पर्छ, अँध्यारोमा कोही बस्नु हुँदैन र खानेपानी आज विदेशी संस्थाहरुलाई, एनजिओ, आइएनजियोहरुलाई गुहार्नु परेको छ, खानेपानीको निम्ति । हामी जस्ता महिलाहरु थ्ुप्रै अझै पनि पिठ्यूँम गाग्रो बोक्ने परिस्थिति छ, कसैको घरमा २ वटा धारो छ, कसैले अझै पनि पानी बोकेर खानु परेको छ । अघि नै अनुगमनका कुरा आएका छन् त्यतितिर पनि ध्यान दृष्टि लगाउनु पर्ने होला सरकारले । अहिले त झन् ठाउँ—ठाउँमा सरकार, वडा सरकार, स्थानीय, पालिका सरकार, प्रदेश

सरकार, केन्द्रीय सरकार यति धेरै हुँदा पनि खानेपानीबाट अझै पनि डोको बोक्नु पर्ने, गाग्रो पिठ्यूमा बोक्नु पर्ने छ, अबको स्थिति यो आ.व. देखि यो स्थिति अन्त होस् भन्ने म कामना व्यक्त गर्न चाहन्छु । यो वर्षाको सिजन पनि हो, हाम्रो ठाउँमा, हाम्रो देशमा, हिउँदभरि विकासे काम हुन्छन्, यो अन्तिम आ.व. भनेको छ, भ्याई नभ्याई विकासका कामहरु भएका छन्, तर गाडी चल्ने बाटोहरु कम भएका छन्, किनभने यतापटिका, उतापटिका जुन देशका माननीयज्यूहरु, जुन प्रतिपक्ष, सत्तापक्षा, जे जसरी कुरा गर्दैगर्दा पनि हामीले सधैं त्यही विकासको लागि लड्ने, त्यही बाटोघाटो, सिँचाईका लागि लड्नु पर्ने तर बाटोहरु अझै सुचारु रुपमा धेरै बाटोहरु छैनन् ती परिस्थितिहरुबाट हामी कसरी माथि उठ्न सक्छौं रु अबको प्रदेश सरकारले त्यतापटि ध्यान दिनुपर्छ । बाटोहरु ५ लाख, २ लाख, १० लाख कहाँ गए रु के भए रु भन्दा पनि अब मैले लगे भनें पनि राम्रै भयो र अर्को पक्षले लानुभए पनि राम्रै भयो तर कहाँ गयो रु त्यो कार्यान्वन कसरी हुँदैछ रु त्यो सही तरिकाले हुँदैछ कि छैन रु त्यो हामी सबैको दायित्व हो, त्यतातिर हामीले ध्यान दिनु पर्छ भन्ने लाग्छ । त्यस्तै सूचना र सञ्चारका कुरा गर्दै गर्दा, हामी सूचना र सञ्चार सही तरिकाले भएको छ कि, गलत तरिकाले भएको छ रु यहाँ सकारात्मक, नकारात्मक दुईवटै पक्ष हुने गर्छन् र हाम्रो सायद सानो मुलुक भएर पनि होला, नकारात्मक र छिटो प्रवाह हुने गर्छ र हाम्रो दिमागले पनि नकारात्मक दिमागले छिटै लिने गर्छ । सम्पूर्ण सकारात्मक कुराहरु हामीले उत्तिबेलै भलिदिन्छौ, त्यो भएको कारणले हामी कहिलेकाँही त सकारात्मक दिमाग पनि चलाउने हो कि रु सकारात्मक कुराहरु पनि लेख्न हो कि रु सकारात्मक कुराहरु पनि पढाउने हो कि, पढ्ने हो कि रु भन्ने लाग्छ । हुन त मलाई त्यो अन्धाअन्धी भन्ने त्यो कथा पढ्दा सुनेको थिए मेरो यो थोरै सानो दिमागले, त्यो श्रवण कुमारले आफ्ना बाबुआमालाई बोकेर हिँड्दै गर्दा बाटोमा लगेर फाल्दिन्छ कि बाबुआमालाई बोकेर अनि बाआमाले दिमाग लगाउनु भएछ । अब बाबु अलिपरसम्म लगिदियौ, अलिपर लगेपछि त्यहाँसम्म छोडिदेउ अनि तिमी आफ्नो बाटो लागौला भन्दै गर्दा अनि श्रवण कुमारले ठिकै छ भनेर बोकेर लाग्नुभएछ अनि त्यहाँ लगेर छोड्छु भनेर भन्दा सम्झनुभएछ मलाई जन्म दिएको बाबुआमालाई मैले

यस्तो गर्नु हुन्छ मैले छोड्नु हुन्न भन्ने सम्झनु भएछ । त्यो वातावरण हुँदो रहेछ क्या, त्यो वातावरण यहाँनिर नेगेटिभ आउने, त्यहाँ पुगेपछि सकारात्मक सोचन आउनो । हुन त यहाँहरु विद्वान माननीयज्यूहरु हुनुहुन्छ, यसलाई जति बुझ्नु भएको त्यति लिनुहोलो, थोरै रहेछ भने पनि सुधारेर लिनुहोला । यो ठाउँमा आइसकेपछि राम्रो भनेर बोल्नु पर्ने, उतापटि गएपछि यो यस्तै हो भनेर बोल्नु पर्ने रहेछ । तर धेरै कुराहरु सत्तापक्षका माननीयहरु प्नि हुँदै गर्दा पनि धेरै कुराहरु चित्त बुझेका छैनन् हामीमा पनि । त्यो माछालाई राम्रो कुरा बोल्दा पनि न मुखमा पानी भरिन्छ, नराम्रो कुरा बोल्दा पनि मुखमा पानी भरिन्छ के त्यो बोल बोल मछली मुखभरि पानी भने जस्तो त्यस्तो त हामीलाई पनि छ । यो अन्तिम वर्षको हामी अन्तिममा छौं । सेतो किताव गत सालमा पनि ल्याइएका थिए केही कार्यान्वयन भएनन् हामी प्रतिपक्षमा हुँदा खेरी र रातो किताव सेता किताव जे जति छन्, यी विषयहरुमा आएका जति पनि बजेटहरुछन् सही तरिकाले कार्यान्वयन हुन् भन्दै मेरो आफ्नो भनाईलाई अन्त्य गर्न चाहन्छु र दलको तर्फबाट पनि समर्थन रहेको भन्दै आफ्नो अन्त्य गर्न चाहन्छु धन्यवाद । जय नेपाल ।

माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुखज्यू,

आज हामी मानीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले प्रस्तुत गर्नुभएको यो विनियोजित विधेयक २०७९ मा हामी छलफल गर्दैछौं । सबैभन्दा पहिला यो मुस्लिमहरुको  महान पर्व इदको हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र गण्डकी प्रदेशको तर्फबाट सम्पूर्णमा म हार्दिक शुभकामना दिन चाहन्छु । धेरै माननीयहरुले आफ्नो कुरा राखेर गइसक्नुभएको छ । अब हामी माननीयहरु जे हो त्यही राख्नु पर्छ भनेर त हामी असाध्यै बल गर्छौं । बल ठुलठूलै गर्छौं के कहिलेकाहीं तर अब लेफ्ट र राईट हामीलाई दिइसकेको छ । दायाँ बस्ने, बायाँ बस्ने, दायाँ बस्ने कलम दायाँ नै चलाउनु पर्यो र बायाँ बस्ने कलमले बायाँ नै चलाउनु पर्यो । अब या

सेता किताव जस्तै परम्परा बन्यो के यो पनि । अब हामीले पनि त्यही हिसावले राख्नु पर्छ जस्तो लाग्छ र मेरो पनि त्यही विषयवस्तु हुनेछ । आज हामीले यो विनियोजन विधेयक २०७९ अन्तर्गत ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, वन वातावरण तथा भू संरक्षण मन्त्रालय र काननु सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय यि मन्त्रालयहरुसँग जुटेर हामी छलफलकै क्रममा छौं र हामी छलफलकै क्रममा छौ । अब छलफलको क्रममा रहँदा आँखा पनि नदेख्ने भएछ माननीयज्यूहरु, अलि मसिनो अक्षर पढ्न गाह्रो गाह्रो हुने गरी पनि पढियो, २—३ दिन लगाएर अलि मेहेनत गरेर नै हेरियो आँखा कमजोर भएकोले । यसरी हेर्दा हामीले पहिले पनि सुन्यौं, यो हामीले यो बजेट वक्तव्य प्रस्तुत गर्ने सन्दर्भमा १—२ दिन त म आउन भ्याइन यो सदनमा हाम्रो पार्टीको कामले गर्दा । जब म आएँ यो बजेट वक्तव्यलाई मैले सरसर्ती पढ्दाखेरी, यो सरकारले यो बजेटको प्राथमिकता र सिद्धान्त ल्यायो र त्यसपछि नीति कार्यक्रम आयो, त्यसपछि बजेट वक्तव्यहरु आएको छ, यो एक अर्कोसँग अन्तरसम्बन्धित भएर नै आएको छ मैले महसुस गरेको छु । खासगरी, अब यो ऊर्जा जलस्रोत तथा खानेपानीले आफ्नो मन्त्रालयसँग सम्बन्धित रहेर जुन काम गर्नु पर्ने थियो, जुन बजेट विनियोजित गर्नु पर्ने थियो विद्युत, खानेपानी, सिँचाईको त्यो आफ्नो औकातले भ्याएसम्म मैले यसमा पाएको छु । यो आन्तरिक मामिलाको सन्दर्भमा पनि सडक सुरक्षाको कुरा, ट्राफिक व्यवस्थापन, प्रदेश सुरक्षा नीति, आन्तरिक सिमाना, जोखिमका कुरा यी सबै कुराहरु मैले त्यो महसुस गरेको छु यो किताव हेर्दाखेरी । यो वन वातावरण तथा भूसंरक्षण को पनि जुनमन्त्रालयले आफ्नो परिधिभित्र रहेर ल्याउनु पर्ने थियो त्यो उसको तागत अनुसार नै आएको छ जस्तो मैले महसुस गरेको छु । कनुन, सञ्चार, पत्रकार मामिलाको कुरा गर्दा पत्रकार उसको दायरा जो मन्त्रालयको जो पत्रकाहरहरुको क्षमता अभिवृद्धि गर्ने कुराहरु, पत्रकार महासंघ भवन निर्माण, रेडियो, टेलिभिज, स्थानी स्तहको कानुन तर्जुमा लगायतका आफ्नो मन्त्रालयसँग सम्बनिधत यो प्रकाशन गर्ने कुराहरु छ, ती कुराहरुलाई नै ल्याएर ल्याएको छ । त्यसले मेरो यसमा ती कुराहरुमा मेरो यो ४ वटा मन्त्रालयमा हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी केन्द्र

संसदीय दलको समर्थन रहेको म जानकारी गराउन चाहन्छु । अलिकति विषयवस्तु म सुझावको रुपमा के राख्न चाहन्छु भने, जब हामी एकताबद्ध हुँदैनौं, यो संघीयता त्यतिकै प्राप्त भएको छैन । संघीयता ल्याउनको निम्ति हामी सबैको यहाँ उपस्थित माननीय सदस्यहरुलाई हामी हेर्छौं, हामी पनि बाहिर वहस गर्छौं, यसरी हेर्दा, हामी एउटा आन्दोलनकै बिचबाट हुर्केर, हामीले आन्दोलनमा नै जीवन देखेर, अब यो स्थितिमा ल्याउँदा हाम्रो ठूलो भूमिका छ, हामी आम समुदायको ठूलो भूमिका छ त्यसले गर्दा यो संघीयतालाई प्रभावकारी कार्यान्वयन गराउने सन्दर्भमा हामीले माथि नै लड्नु पर्ने कुरा म देख्छु । जसको कारणले गर्दा यहाँ क्वोसनहरु खडा भएको छ, जति पनि समस्याहरु आएको छ, बजेटको अपर्याप्त कुराहरु आएको छ, ती अधिकारहरु जो संविधानमा उल्लेखित अधिकार छ, त्यो प्रदेशलाई नलिँदाखेरी यो खालको समस्याहरु अलरेडि आएको छ यसको विषयमा हामी एकजुट भएर हामी माननीयज्यूहरुले पनि आफ्नो कुरा राख्नु जरुरी छ भन्ने मलाई लाग्छ । अहिले हामी किन माननीय सदस्यहरु तल रातो कलम चल्छ भनेर हामी किन तल गइरहेका छौं रु म के भन्न चाहन्छु भने, आफू बसेको ठाउँमा जुन भूमिका छ, जुन कर्तव्य छ त्यो कर्तव्य भुल्नु हुँदैन र जो हामीलाई माथिबाट दिइएको छैन र त्यो हामीले उठाउनु पर्छ भन्ने मलाई लाग्छ । हाम्रो अहिले कस्तो छ भने यो पालिकावाइज, वडावाइज त्यो खालको सिफरिस लिएको भए हामीले केही पालिकाहरुमा ल खानेपानीे पुग्यो, यो पालिकामा हामीले यसरी बजेट अब खानेपानीलाई हाल्नुपर्दैन, सिँचाईलाई हाल्नु पर्दैन त्यो खालको हामीले अलिकति व्यवस्थित गरेर यसलाई ल्याउन सकियो भने अलि प्रभावकारी हुन्छ जस्तो लाग्छ । यो विकासका गौरवको कुराहरु पनि यसमा जोडिएको छ, त्यो हिसावले यसलाई अलि फिनिसिंग गर्ने हिसावल जर्नु पर्छ होला जस्तो मलाई लाग्छ । अहिले यो ट्रष्टको विषयहरु बन्यो, त्यो विषयले यो प्रदेश सरकारलाई राम्रो सन्देश दिएको छैन, त्यो मलाई पनि लागेको छैन । प्रदेश सरकारलाई यो ट्रस भावनाको कुरा गरेर हुदैन, तपाईंहरु कुनै पार्टीको बाटोबाट आउनुभएको छ, तपाईंहरु कुनै पार्टीको बाटोबाट आउनु भएको छ, तपाईंहरुलाई गठवन्धनले मतदान गरेर यो ठाउँमा आइपुग्नु भएको छ, यो विषयहरुलाई पनि हामीले

ख्याल गरेर अलि राम्रो खालको सन्देश नगएको हुनाले यसलाई के गर्नु पर्छ, हजुरहरुले राम्रो गर्नु हुन्छ होला भन्दै यो मान्त्रालयको सबै जो आएको छ यसलाई समर्थन गर्दै मेरो छोटो मन्तव्य यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

माननीय सदस्य श्री खिम विक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुखज्यू,

हामी विनियोजन विधेयक २०७९ अन्र्तगत विभिन्न मन्त्रालयसँग सम्बन्धित विषयहरुमा छलफल गर्दैछौं । सर्वप्रथम, हामीले यो राष्ट्रमा, यो देशमा हामीले लिएको व्यवस्था, संघीय व्यवस्था, हामीलाई राष्ट्रिय जनमोर्चालाई लिएर यो संघीयता विरोधी हो । खाली विरोधी मात्र यो, अहिले के भयो, हामीले मात्र विरोध गरेको छ ? सत्तापक्षले विरोध गरेको छैन ? प्रतिपक्षले विरोध गरेको छैन ? पटक पटक सरकारमा बस्ने ठूला दलले विरोध गरेको छैन ? त्यसकारणले गर्दा यो भएको के हो ? हिजो ०४६ सालभन्दा अगाडि जुन नेताले पार्टी चलाएको थियो, ०४६ साल भन्दा यता पनि त्यही नेता पार्टी चलाएको छ, त्यही नेता सरकारमा छ । व्यवस्था परिवर्तन भयो, ती नेताहरु, ती ठूला दलका नेताहरु सरकारमा पुग्नुभएको, परिवर्तन हुनु भएको छैन अनि हामीलाई मात्र दोष लगाएर हुन्छ ? हामीले सहयोग गरेका छौं, हामीलाई नबोल्ने बनाउनुहोस् न, त्यसकारणले गर्दा यी व्यवस्था मात्रै परिवर्तन गर्ने कुरा ठुलो होइन रहेछ । त्यसलाई व्यवस्थापन गर्ने कुरा, आफु परिवर्तन हुनु पर्छ । परिवर्तन गर्ने कुरा त कति प्रयास गरेका छौं हामीले ? हामी, आज ५ वर्ष पूरा हुन लाग्यो अब सरकार गठन भएको । खानेपानी, विद्युत अनि सिंचाई अत्यन्तै आधारभूत आवश्यक चिज, कहिले हामी १ घर १ धारो रुपमा सम्पन्न गर्छौं भनेका छौं, कहिले उज्यालो कार्यक्रम भनेर सम्पन्न गरेका छौं । ती कार्यक्रमहरु अहिलेसम्म हुन सकेको छैन । एक साल एक गाउँमा छोयो अनि अर्को गाउँमा छैन त्यस्तो पनि हुन्छ ? अनि हामीले उज्यालो प्रदेश घोषणा गर्न सक्छौं ? खानेपानी सम्पन्न भयो भनेर भन्न सक्छौ ? पुराना कार्यक्रम पनि अधुरा छन्, नयाँ

कार्यक्रम त आएकै छैन । विद्युतको पोलका कुरा गतवर्ष हामी उर्जा मान्त्रालयमा केही दिन अगाडि मन्त्रीसँग कुरा गर्दा, हामीले अब सर्वप्रथम  हामीले नगरपालिकाहरुमा यो काठका पोलहरु विस्थापित गरेर फलमका स्टीलका पोलहरु राख्ने योजना छ भन्नुभयो । होला भन्ने लाग्यो, अन्तिममा आएपछि ठेक्कापट्टा केले गरेर हो भएन भन्ने कुरामा । यो समय मै व्यवस्थापन गर्नका लागि म अनुरोध गर्छु । यसमा पनि अब सम्बन्धित मन्त्रालयले पनि ध्यान दिनुहोला । अनि अर्को कुरा, यो उत्तरगंगा जलाशययुक्त विद्युत, अब प्रदेश सरकारले नै छोएको छ । यो प्रदेश सरकारको क्षेत्रभित्र पर्छ पर्दैन, अध्यादेश भित्र पर्छ पर्दैन यो एउटा कुरा भयो, तर संघीय सरकारले यो विद्युतलाई उच्चारण सम्म गर्न नसकेको जुन कार्यक्रम प्रदेश सरकारले लिएको छ, म प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र संघीय सरकारलाई सभामुख मार्फत त्यो उत्तरगंगा जलाशययुक्त विद्युत छुटाउनु हुन्न, निरन्तर त्यसलाई अगाडि बढाउनु पर्छ भन्ने जोडदार माग गर्न चाहन्छु । लिफ्टिङ खानेपानी योजनाको कुरा आएको छ, यो बजेट अत्यन्तै थोरै छ, अब कतिपय कुरा गर्नु भन्दा पनि व्यवहारमा प्रश्न गर्नु पर्ने पनि हुन्छ । आशा छ, आउँदा दिनहरुमा यो कार्यक्रम अगाडि बढ्ने छ । यो लिफ्टिङ खानेपानी जहाँ संचालन भएको छ, त्यहाँ विद्युत महसुल निःशुल्क गर्ने भनेर अत्यन्तै महत्वपूर्ण कुरा आएको छ र यो खानेपानीको मूलको व्यवस्था नभएको र तलबाट लैजानु पर्ने ठाउँमा जनतालाई अत्यन्त मार परेको छ त्यो राम्रो कार्यक्रम आएको छ । यो सम्पन्न हुनेछ र त्यस सम्बन्धित ठाउँका जनताहरु लाभान्वित हुनेछन् भन्ने आशा गरेको छ । अनि यो मैले ठ्याक्कै यो मन्त्रालय भनेर भनेको छैन तत् मन्त्रालय भनेर बुझिदिनु होला, कतिपय छुट्न पनि सकछ । तटवन्धनको कुरा, अब मैले पटक पटक भनिराखेको छु अब हाम्रो ११ वटै जिल्लामा थण्डकी प्रदेशभित्रै विभिन्न ठाउँमा समस्या छन् र मेरैे क्षेत्रबाट यो ढोरपाटन भनेर ९ वटा वडा छन् त्यस अर्थले बुझ्ने होइन । स्पेशल ढोरपाटन न.पा. को वडा नं. ६ र ९ पर्छ । हाम्रो मुख्यमन्त्रीज्यू पनि त्यहाँ गएर आइसक्नु भएको छ । त्यो ठाउँ धार्मिक पर्यटन क्षेत्र भने पनि भनौं, पर्यटकीय क्षेत्र भने पनि भनौं, त्यो अत्यन्त महत्वपूर्ण ठाउँमा त्यो खोलाले वर्षेनी त्यहाँको वस्तीलाई कुरुप बनाएको के । गत वर्ष कुरा उठाइयो,

मन्त्रालयमा गएर पनि कुरा गरियो, तटवन्ध भनेर १ रुपैयाँ बजेट पनि छुटिएन । अहिले पनि त्यहाँ कहीँ त्यो ढोरपाटनमा तटवन्ध भनेर बजेट त्यो छुट्याएको देखिएन । कतै चाहिँ हुन सक्छ, एकमुष्ट पनि त्यसको व्यवस्था गर्नको लागि म अनुरोध गर्छु । यहाँ अरु थुप्रै अरु कार्यक्रम पनि आएका छन्, १ समुदायिक वन १ पोखरी निर्माण, १ निर्वाचन क्षेत्र १ नमुना कार्यक्रम, यी कार्यक्रम त राम्रा कार्यक्रम छन् र यसमा अब बजेट कति छन् भन्ने कुरा पनि हामीले देखिसकेका छौं । यो सबै कार्यक्रम यो वर्ष ०७९/८० सम्पन्न हुने हुन् कि, फेरी अर्को सरकारले गर्न सक्ने हुन् कि यी कुरामा जानकारी पाउन पाए आशावादी हुने थियौं । अब नाकाको बारेमा, यो त्रिवेणी नाका र यो कोराना नाकाको हामीले त्यसको भौतिक सुधार, निर्माण गर्ने भनेर सरकारले यो कार्यक्रमलाई ७० लाख रुपैयाँ छुट्यएको रहेछ । यो ७० लाख रुपैयाँ त मलाई लाग्छ यो अत्यन्त साना साना कार्यक्रम पर्छन्, तर त्यहाँको आवश्यकता भनेको अत्यन्तै ठूलो कार्यक्रम रहेका छ र यतिले पुग्दैन कि रु कार्यक्रम लिएर मात्र नहुने हो कि, यसकारणले गर्दा यो क्षेत्रलाई पनि अलि बजेट अलि ठूलो भोलम बढोत्तर बनाएर यो कार्यक्रम सम्पन्न गर्न पर्छ भन्ने कुरा राख्दछु । अन्तमा, यो अलि ट्राफिक प्रहरीको आवश्यकता बजारमा, शहरमा मात्र नभएर गाउँ—गाउँमा जहाँ जहाँ बाटो पुगिसेको छ, जहाँ यो मध्य पहाडीमा पुगिसकेको छ त्यहाँ दुर्घटना बढेको छ । त्यसकारणले गर्दा कमसे कम ट्राफिक प्रहरीहरुलाई त्यहाँ दरवन्दी स्थापना गरिदिनको लागि त्यहाँ एकदम आवश्यक छ, अनुरोध छ । अर्को कुरा इलाका प्रहरी कार्यालयहरु जहाँ जहाँ जुन जुन वडाहरुमा जो छन् ती कार्यालयमा महिला प्रहरी नभइदिएको कारणले एउटा समस्या आएको छ । विभिन्न प्रकारका झगडा हुन्छ त्यहाँ महिला प्रहरीले नै पक्रेर ल्याउनु पर्ने हुन्छ अनि त्यो सुरक्षाको लागि महिलाको पनि आवश्यक हुन्छ, त्यो पनि एकदम समस्या खट्केको छ र त्यसको व्यवस्थाको लागि पनि मअनुरोध गर्दछ । यो विपद्को व्यवस्थापन को लागि ती प्रहरीहरुलाई समयमा घटनास्थलमा पुग्नको लागि, शहर बजारतिर के छ त्यो म जान्दिन, गाउँ—गाउँमा सवारी साधनको एकदम खाँचो छ त्यो

चाहिँ ईलाका प्रहरी कार्यालयमा वा  सवारी साधनको व्यवस्थापनलाई पनि जोड दिनको लागि म अनुरोध गर्दै मेरो भनाई अन्त्य गर्छु । धन्यवाद, नमस्कार ।

माननीय सदस्य श्री धनमाया पोख्रेल लामालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुख महोदयज्यू,

९प्राविधिक गडबडी) हाम्रो छलफलहरु त्यहाँ इंगित होस् र हाम्रो मन्त्रालयको ........(प्राविधिक गडबडी).. गण्डकी प्रदेश सरकारको आवश्यकता के हो यसलाई व्यवस्थित गर्नको निम्ति म गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । सर्वप्रथम ।

माननीय सदस्यलाई फेरी निरन्तरता आफ्नो भनाई राख्नलाई अनुरोध गर्छु ।

माननीय सभामुख महोदय,

९प्राविधि गडवडीको कारणले फेरी मैले सुरुदेखि नै मेरो भनाईहरु राख्न) आ.व. ०७९/८० को वाार्षिक विकास कार्यक्रमको मन्त्रालय अन्तर्गत मे भनाई राख्न अनुमति चाहन्छु । हाम्रो प्रदेशलाई जसरी एकल अधिकार सूचीमा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा भनेर यसलाई १ नं. मा नै राखेको छ । मैले यहाँ कहाँनिर जोड्न चाहें भने हाम्रो मन्त्रालयहरुको अधिकार क्षेत्रकै हो । हामीले मन्त्रालयहरु यहाँ निर्माण गरिरहँदा यहाँ संघको मन्त्रालयहरुलाई कति पेष्ट गर्ने चलन छ रु हाम्रो संघीयताको मर्म अनुसार यो होइन भन्ने मलाई लाग्छ मेरो बुझाईमा । किनभने हाम्रो यहाँको मोलिकता के हो रु हाम्रो आवश्यकता के हो रु त्यसको पहिचान के हो रु त्यसलाई पहिचान गरेर मात्र हामीले मन्त्रालयहरु बनाउनु पर्छ भन्ने मलाई लाग्छ । हाम्रो अधिकार क्षेत्रभित्र भएको जुन आन्तरिक मामिला अन्तर्गत प्रदेश प्रहरी गठन गर्नको निमित्त हामीले १ वर्ष अगाडि प्रदेश सभाले ऐन पास गरेर पनि पठाइसक्यौ, विविध कारणले हामीले गण्डकी प्रदेशमा

प्रहरी गठन गर्न सकिराखेका छैनौं । हामीले परिकलपना गरेको हामीले सुनिश्चित गरेको अधिकार भनेको प्रहरी प्रशासनको......(प्राविधिक गडबडी).........